लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य कार्यालय
बर्दिया

जनस्वास्थ्य बुलेटिन
अंक: २
महिना: जेष्ठ
आ. व: २०८२/८३

# जनस्वास्थ्य बुलेटिन - जेष्ठ २०८३

## मुख्य उपलब्धीहरु

- जिल्लाका विभिन्न विद्यालय तथा समुदायमा सुर्तीजन्य पदार्थ तथा लागू पदार्थ दुर्व्यसन न्यूनीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक सञ्चालन गरियो।
- खाद्य पदार्थमा विषादीको सुरक्षित प्रयोग तथा पोषण प्रवर्द्धन सम्बन्धी कृषि फर्महरूको अनुगमन गरियो।
- BMS ACT लगायत स्तनपान सम्बन्धी सरोकारवाला निकायहरूको अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी ऐनको प्रभावकारी कार्यान्वयनमा जोड दिइयो।
- खानेपानीको गुणस्तर परीक्षण तथा निगरानी कार्यक्रम सञ्चालन गरी सुरक्षित खानेपानी सुनिश्चितताका लागि आवश्यक सुझाव प्रदान गरियो।
- मनाउ स्वास्थ्य चौकीमा क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ सम्पन्न गरी सेवा गुणस्तर सुधारका लागि स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गरियो।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि १० दिने आधारभूत तालिम सञ्चालन गरी समुदायस्तरीय स्वास्थ्य सेवामा दक्षता अभिवृद्धि गरियो।
- ठाकुरबाबा नगरपालिकामा पूर्ण खोप घोषणा तयारीका लागि स्थलगत अनुगमन तथा घरधुरी प्रमाणीकरण सम्पन्न गरियो।
- सामुदायिक विद्यालयमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी स्वस्थकर खानपान प्रवर्द्धनमा जोड दिइयो।
- पोषणमैत्री स्वास्थ्य संस्था सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी गुणस्तरीय पोषण सेवा प्रवाह सुदृढीकरणमा सहयोग पुऱ्याइयो।
- विद्यालय स्वास्थ्य शिक्षकहरूलाई स्वास्थ्य तथा पोषण कार्यक्रम सम्बन्धी ३ दिने अभिमुखीकरण सम्पन्न गरी विद्यालय स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाइयो।

## संचालित कार्यक्रमहरुको विवरण

### खाद्य पदार्थको पोषण प्रबर्धन तथा उत्पादनको क्रममा प्रयोग भएको बिषादीको असर न्यूनिकरण कार्यक्रम

स्वास्थ्य कार्यालय, बर्दियाको आयोजनामा बासँगढी नगरपालिकाका विभिन्न कृषि फर्महरूको अनुगमन गरिएको थियो। अनुगमनका क्रममा अधिकांश कृषकहरूले सिफारिसभन्दा बढी मात्रामा विषादी प्रयोग गर्ने, PPE प्रयोग नगर्ने, waiting period पालना नगर्ने तथा विषादीका खाली कन्टेनर असुरक्षित रूपमा व्यवस्थापन गर्ने गरेको पाइयो। साथै केही कृषकमा विषादीका कारण स्वास्थ्य समस्या समेत देखिएको थियो। कार्यक्रममार्फत सुरक्षित कृषि अभ्यास, IPM तथा जैविक कृषि प्रविधिप्रति चेतना अभिवृद्धि हुनुका साथै सरोकारवाला निकायबीच समन्वय र सहकार्य सुदृढ भएको निष्कर्ष निकालिएको छ।



### सूर्तिजन्य सेवन तथा लागु पदार्थको दुर्व्यसनको अवस्था र असरबारे उच्च जोखिममा रहेको समुदायमा अन्तरक्रिया

मिति २०८३/०२/०७ देखि २०८३/०२/२७ सम्म जिल्लाका विभिन्न विद्यालय तथा समुदायमा सुर्ती सेवन तथा लागू पदार्थ दुर्व्यसनको अवस्था र असरबारे उच्च जोखिममा रहेका समुदायसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो। कार्यक्रममा विद्यार्थी, शिक्षक, अभिभावक, स्वास्थ्यकर्मी, जनप्रतिनिधि, नेपाल प्रहरी, पत्रकार, बाल क्लब तथा अन्य स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममार्फत सुर्ती तथा लागू पदार्थको प्रयोगबाट हुने स्वास्थ्य, मानसिक, सामाजिक, शैक्षिक तथा आर्थिक असरहरूबारे जानकारी प्रदान गर्दै दुर्व्यसन रोकथामका उपाय, जोखिम समूहको पहिचान तथा सामुदायिक सहकार्यको आवश्यकतामाथि छलफल गरिएको थियो। साथै, विद्यालय र समुदायमा दुर्व्यसनमुक्त वातावरण निर्माण, युवाहरूलाई स्वस्थ जीवनशैलीतर्फ प्रेरित गर्ने तथा स्थानीय तह, विद्यालय, स्वास्थ्य संस्था र समुदायबीच समन्वय सुदृढ गर्दै जनचेतना अभिवृद्धि गर्ने दिशामा कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याएको छ।






## BMS ACT लगायत स्तनपान सम्बन्धि सरोकारवाला निकायहरुलाई अभिमुखिकरण

स्वास्थ्य कार्यालय, बर्दियाको आयोजनामा मिति २०८३/०२/२३ र २०८३/०२/२४ गते गुलरियामा BMS ACT लगायत स्तनपानसम्बन्धी सरोकारवाला अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो। कार्यक्रममा दर्तावाला औषधि पसल, निजी स्वास्थ्य संस्था, सुपरमार्केट, सरकारी स्वास्थ्य संस्थाका बर्थिङ सेन्टरमा कार्यरत स्वास्थ्यकर्मी तथा बर्दिया अस्पतालका फार्मासिस्टहरूको सक्रिय सहभागिता रहेको थियो। अभिमुखीकरणमार्फत आमाको दूधको महत्व, पहिलो ६ महिनासम्मको पूर्ण स्तनपान, BMS ऐन तथा नियमावलीका कानुनी प्रावधान, स्तनपानलाई प्रतिस्थापन गर्ने वस्तुहरूको अनुचित प्रचार—प्रसार तथा बिक्री प्रवर्द्धनसम्बन्धी नियन्त्रणका विषयमा जानकारी प्रदान गरियो। साथै, शिशु तथा बाल पोषण सुधार, स्तनपानमैत्री वातावरण निर्माण र BMS ऐनको प्रभावकारी कार्यान्वयनका लागि सरकारी तथा निजी क्षेत्रबीच समन्वय र सहकार्यलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरिएको थियो।






## खानेपानी जाँच तथा निगरानी कार्यक्रम



मिति २०८३/०२/१३ गते देखि बाँसगढी नगरपालिका, बाराबर्दिया नगरपालिका र बढैयाताल गाउँपालिकामा खानेपानी जाँच तथा निगरानी कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रमअन्तर्गत विभिन्न खानेपानी स्रोतहरूको नमुना संकलन गरी पानीको गुणस्तर परीक्षण तथा सरसफाइको अवस्थाको अनुगमन गरिएको थियो। साथै, सुरक्षित खानेपानीको प्रयोग, पानीजन्य रोगहरूको रोकथाम तथा पानी स्रोतहरूको नियमित निगरानी र संरक्षणका विषयमा सचेतना प्रदान गरिएको थियो। यस कार्यक्रमले सुरक्षित खानेपानी सुनिश्चित गर्न, पानीजन्य रोगहरूको जोखिम न्यूनीकरण गर्न तथा स्थानीय तहमा स्वास्थ्य प्रवर्द्धनका गतिविधिहरूलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।

## क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ–मनाउ स्वास्थ्य चौकी

जेष्ठ महिनामा मनाउ स्वास्थ्य चौकीमा क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम सञ्चालन गरियो। कार्यक्रममा स्वास्थ्यकर्मीहरूको क्लिनिकल सीप, बिरामी व्यवस्थापन, अभिलेख व्यवस्थापन तथा संक्रमण रोकथाम सम्बन्धी अभ्यासको समीक्षा गरी आवश्यक प्राविधिक सहजीकरण प्रदान गरिएको थियो। कार्यक्रमबाट सेवा प्रवाहको गुणस्तर सुधार, राष्ट्रिय उपचार मापदण्डको प्रभावकारी कार्यान्वयन तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिमा सकारात्मक योगदान पुगेको छ।



## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका १० दिने आधारभूत तालिम

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू(FCHVs) को ज्ञान तथा सीप अभिवृद्धि गर्ने उद्देश्यले १० दिने आधारभूत तालिम ठाकुरबाबा नगरपालिकामा २३ जनालाई , गेरुवा गाउँपालिकामा २४ जनालाई र राजापुर नगरपालिकामा ३ जना र गुलरिया नगरपालिकामा २६ जनालाई आधारभूत तालिम प्रदान भएको थियो। तालिममा समुदायस्तरमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा, मातृ तथा शिशु स्वास्थ्य, खोप, पोषण, परिवार नियोजन, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन लगायतका विषयमा पुनर्ताजगी ज्ञान प्रदान गरिएको थियो। यस कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय बर्दियामा कार्यरत कर्मचारी र स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरुले गर्नुभएको




## पूर्ण खोप घोषणा

ठाकुरबाबा नगरपालिकामा पूर्ण खोप घोषणा तयारीका लागि स्थलगत अनुगमन तथा घरधुरी प्रमाणीकरण सम्पन्न गरियो। अनुगमनका क्रममा बालबालिकाको खोप अवस्थाको समीक्षा, अभिलेख प्रमाणीकरण, सेवाग्राहीसँग अन्तरक्रिया तथा पूर्ण खोप सुनिश्चितताका लागि आवश्यक सुझाव प्रदान गरिएको थियो। यस अनुगमनले स्थानीय तहमा नियमित खोप कार्यक्रमको प्रभावकारी कार्यान्वयन र पूर्ण खोप घोषणा प्रक्रियालाई थप सुदृढ बनाउन सहयोग पुऱ्याएको छ।




## सामुदायिक विद्यालयमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण सम्बन्धी अभिमुखीकरण कार्यक्रम

स्वास्थ्य कार्यालय, बर्दियाको आयोजनामा महिला, बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण सुधार कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम बर्दियाका ८ वटा स्थानीय तहमा सञ्चालन गरिएको छ। कार्यक्रम २०८३ जेठ १८ गतेदेखि २५ गतेसम्म क्रमशः बाँसगढी, बारबर्दिया, ठाकुरबाबा, गेरुवा, राजापुर, मधुवन, गुलरिया र बढैयाताल नगरपालिकामा सम्पन्न भएको हो। कार्यक्रममा प्रत्येक स्थानीय तहबाट करिब ५० जना सहभागी रहेका थिए। सहभागीहरूमा

पालिका प्रमुख तथा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, शिक्षा तथा स्वास्थ्य शाखाका प्रमुख, सामुदायिक विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य संस्था प्रमुख तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो। अभिमुखीकरण कार्यक्रममा विद्यालय परिसरमा अस्वस्थकर खानाको बिक्री वितरण तथा उपभोग नियन्त्रण, स्वस्थकर खानेकुराको प्रवर्द्धन, विद्यमान नीति तथा मापदण्डको कार्यान्वयन र सम्बन्धित निकायहरूको भूमिका तथा जिम्मेवारीका विषयमा छलफल तथा अभिमुखीकरण गरिएको थियो। कार्यक्रमले विद्यालयमा स्वस्थकर खाद्य वातावरण निर्माण तथा विद्यार्थीहरूको पोषण अवस्था सुधारमा स्थानीय तहको प्रतिबद्धता र समन्वयलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ।





## पोषणमैत्री स्वास्थ्य संस्था सम्बन्धी अभिमुखीकरण कार्यक्रम

स्वास्थ्य कार्यालय, बर्दियाको आयोजनामा आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत पोषणमैत्री स्वास्थ्य संस्था सम्बन्धी २ दिने अभिमुखीकरण कार्यक्रम २०८३ जेठ २३ र २४ गते ठाकुरबाबा नगरपालिका—शिवपुर स्वास्थ्य चौकीमा सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रममा बर्दिया जिल्लाका ८ वटै स्थानीय तहबाट स्वास्थ्य शाखा प्रमुख, पोषण फोकल पर्सन तथा पोषणमैत्री उन्मुख स्वास्थ्य संस्थाका पोषण फोकल पर्सन गरी प्रत्येक पालिकाबाट ३ जनाका दरले जम्मा २४ जना सहभागी भएका थिए। अभिमुखीकरणमा पोषणमैत्री स्वास्थ्य संस्थाको अवधारणा, मापदण्ड, गुणस्तर सुधारका सूचकहरू, स्वास्थ्य संस्थामा पोषण सेवाको प्रभावकारी व्यवस्थापन, अभिलेखीकरण तथा पोषणमैत्री स्वास्थ्य संस्था घोषणा प्रक्रियाका विषयमा सहजीकरण गरिएको थियो।



## विद्यालय स्वास्थ्य शिक्षकहरुलाई स्वास्थ्य तथा पोषण कार्यक्रमको ३ दिने अभिमुखीकरण कार्यक्रम

महिला, बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण सुधार कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयका विद्यालय स्वास्थ्य शिक्षक/शिक्षिकाहरू तथा विद्यालय स्वास्थ्य नर्सहरूका लागि स्वास्थ्य तथा पोषण कार्यक्रम सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम २०८३ जेठ २९, ३० र ३१ गते विजया गेस्ट हाउस, गुलरिया मा सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रममा बर्दिया जिल्लाका ८ वटै स्थानीय तहका सामुदायिक विद्यालयबाट विद्यालय स्वास्थ्य फोकल शिक्षक/शिक्षिका तथा विद्यालय स्वास्थ्य नर्सहरू गरी जम्मा ३० जना सहभागी भएका थिए। अभिमुखीकरणमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम, किशोरकिशोरी स्वास्थ्य, पोषण प्रवर्द्धन, स्वास्थ्य शिक्षा, विद्यालयमा स्वस्थ वातावरण निर्माण तथा विद्यालय स्वास्थ्य सेवाको प्रभावकारी कार्यान्वयनका विषयमा सहजीकरण गरिएको थियो। यस कार्यक्रमबाट सहभागीहरूको ज्ञान तथा सीप अभिवृद्धि भई विद्यालयस्तरमा स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयन, विद्यार्थीमा स्वस्थ व्यवहारको विकास तथा विद्यालय स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।



## कुष्ठरोग बिरामी सक्रिय खोजपडताल **LPEP (Leprosy Post-Exposure Prophylaxis)**

यस महिनामा जिल्लाका विभिन्न स्वास्थ्य संस्था तथा समुदायमा कुष्ठरोग बिरामीको सक्रिय खोजपडताल कार्यक्रम सञ्चालन गरियो। कार्यक्रममार्फत शंकास्पद व्यक्तिहरूको पहिचान, आवश्यक परीक्षण, पुष्टि भएका बिरामीहरूको समयमै उपचार प्रारम्भ तथा परिवारका सदस्य एवं नजिकका सम्पर्कहरूलाई LPEP अन्तर्गत एकमुष्ट रिफाम्पिसिन (Single Dose Rifampicin) प्रदान गर्ने कार्य सम्पन्न गरियो। साथै, समुदायमा कुष्ठरोग सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै रोगको प्रारम्भिक पहिचान, उपचारको महत्व तथा भेदभाव न्यूनीकरण सम्बन्धी स्वास्थ्य शिक्षा समेत प्रदान गरिएको छ।






## जिल्लाका जेष्ठ महिनाको १० स्वास्थ्य समस्याहरुको सूची

| ICD-11 कोड | स्वास्थ्य समस्या | केस संख्या |
|---|---|---|
| CA07 | Upper Respiratory Tract Infection | १५०३ |
| DA42 | Gastritis | १२०० |
| ME84 | Backache (Musculo-skeletal pain) | ८१५ |
| EA60 | Fungal Infection | ७९७ |
| ND56 | Cut Injury | ७९५ |
| EA8Z | Dermatitis/Eczema | ७७२ |
| BA00 | Hypertension | ६४९ |
| ME05.1 | Non-infectious Diarrhoea | ६३२ |
| 5A14 | Diabetes melitus | ४२२ |
| FA2Z | Arthritis | ३८५ |

## स्वास्थ्य कार्यालयको "असार" को लागि कार्ययोजना

- सूर्तिजन्य सेवन तथा लागु पदार्थको दुर्वयसनको अवस्था र असरबारे उच्च जोखिममा रहेको समुदायमा अन्तरक्रिया
- खानेपानी जाँच तथा निगरानी कार्यक्रम
- स्तनपान परामर्शदाता तालि, प्राथमिक स्वास्थ्य केन्द्र र बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारीहरूका लागि ३ दिने तालिम
- किशोर-किशोरी रक्तअल्पता परीक्षण तथा व्यवस्थापन कार्यक्रम
- CB-IMNCI तालिम (६ दिने आधारभूत तालिम)
- एचआईभी सम्बन्धी लान्छना तथा भेदभाव घटाउन स्कुलहरुमा अभिमुखीकरण
- कुष्ठरोग निवारणका लागि छाला शिविर संचालन तथा एक्टिभ केश डिटेक्सन कार्यक्रम
- सामुदायिक विद्यालयमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण सम्बन्धि अभिमुखीकरण
- सुर्तीजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रणका लागि समन्वय बैठक तथा अनुगमन
- पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रम
- HPMSS को समीक्षा

## स्वास्थ्य कार्यालयको अनुरोध

**१. पूर्ण खोप सुनिश्चित गरौं:** प्रत्येक बालबालिकाले राष्ट्रिय खोप तालिका अनुसार समयमै सबै खोप प्राप्त गर्ने वातावरण निर्माण गरौं र पूर्ण खोप घोषणा अभियानलाई सफल बनाऔं।

**२. पोषण र स्तनपानलाई प्राथमिकता दिऔं:** जन्मेको एक घण्टाभित्र स्तनपान सुरु गरौं, पहिलो ६ महिनासम्म आमाको दूध मात्र खुवाऔं तथा BMS ऐनको प्रभावकारी कार्यान्वयनमा सबैले सहयोग गरौं।

**३. स्वस्थ जीवनशैली अपनाऔं:** सुर्तीजन्य पदार्थ, लागू पदार्थ तथा अस्वस्थकर खानाको प्रयोग न्यूनीकरण गरी सुरक्षित खानेपानी, सरसफाइ र स्वस्थकर खानपानलाई दैनिक जीवनको हिस्सा बनाऔं।

## सम्पर्कको लागि

**सूचना अधिकारी:** पदमा कुमारी श्रेष्ठ (प.हे.न) +९७७ ९८५८०२१९९४ , shresthapadma85@gmail.com

**गुनासो सुन्ने अधिकारी:** नारायण प्रसाद चौधरी, जनस्वास्थ्य प्रशासक/कार्यालय प्रमुख +९७७ ९८५८०७००२७

**हेल्लो स्वास्थ्य (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय):** १११५




कार्यालयको ठेगाना
बर्दिया, लुम्बिनी प्रदेश

प्रशासनिक ठेगाना
गुलरिया-६, बर्दिया, लुम्बिनि प्रदेश

कार्यालयको इमेल
healthoffice.bardiya@gmail.com

सम्पर्क नं
९८५८०७००२७




स्वास्थ्य कार्यालय, बर्दियाको वेबसाइट

स्वास्थ्य कार्यालय, बर्दियाको फेसबुक पेज